# पैयूँ गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्याः २ मितिः २०७९/०३/३०

**भाग-१**

# पैयूँ गाउँपालिकाको विनियोजन ऐन, २०७९

**पैयूँ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुका लगि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** पैयूँ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उप-धारा(२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७१ को दफा १०२ बमोजिम यो ऐन बनेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पैयूँ गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४२,९७,६४,५००।(अक्षरेपी बयालीस करोड सन्तानब्बे लाख चौसट्ठी हजार पाँच सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोयजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त पैयूँ
गाउपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न

सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । चालू शिर्षकबाट पुंजीगत शिर्षकमा सार्न सकिने छ, पूँजीगत शिर्षकबाट चालू शिर्षकमा सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची- १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २९९(२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च रु.** | **पुँजीगत खर्च रु.** | **वित्तीय व्यवस्था रु.** | **जम्मा रु.** |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | २४३४६१९७० | १८६३०२५३० | ० | ४२९७६४५०० |
| २ | | वडा समिति | ० | ० | ० | |
| ३ | | विषयगत शाखा | ० | ० | ० | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | |
| | | **जम्मा** | २४३४६१९७० | १८६३०२५३० | ० | ४२९७६४५०० |
| | | **प्रतिशत** | ५६.६५ | ४३.३५ | ० | १०० |

आज्ञाले,

केशव लामिछाने

प्रमुख प्रशासकीय अधिकृत